पोलियोमाइलिटिस

कारक तत्व

यो पोलियोभाइरस को कारणले हुन्छ । जंगली पोलियोभाइरस (प्रकार 1, प्रकार 2, र प्रकार 3) का 3 प्रकारहरू मध्ये, जंगली पोलियोभाइरस प्रकार 2 को पछिल्लो केस 1999 मा रिपोर्ट गरिएको थियो र जंगली पोलियोभाइरस प्रकार 3 को केस पछिल्लो पटक नोभेम्बर 2012 नाइजेरियामा रिपोर्ट भएपछि कुनै केसहरू पाइएको छैन । यद्यपि, जंगली पोलियो भाइरस प्रकार 1 को केसहरू अझै पनि थोरै देशहरूमा देखा पर्छन् ।

क्लिनिकल लक्षणहरू

यस रोगले मुख्यतया साना बच्चाहरूलाई असर गर्दछ । यसले ज्वारो आउने, टाउको दुख्ने, बान्ता हुने, पेटमा समस्या हुने, मांशपेशी दुख्ने, घाँटी र ढाडमा कडापन हुने, र प्यारालाइसिस गराउन सक्छ । धेरै जसो बिरामीहरू निको हुनेछन्, तर गम्भीर अवस्थाहरूमा, यसले पूर्ण रूपमा असक्षमता र मृत्यु समेत निम्त्याउन सक्छ ।

सर्ने माध्यम

यो रोग अत्यधिक सङ्क्रामक हुन्छ । यो एक व्यक्तिबाटअर्को व्यक्तिमा, मुख्यत मलमूत्र वा मौखिक मार्गबाट फैलिन्छ । भाइरस मौखिक मार्गबाट शरीरमा प्रवेश गर्दछ र अन्त्यमा केन्द्रिय स्नायु प्रणालीमा आक्रमण गर्दछ ।

उष्मायन अवधि

यो सामान्यतया 7 देखि 10 दिनसम्म, र यसको सिमा 4 देखि 35 दिनसम्म हुन्छ ।

व्यवस्थापन

शंकास्पद- सङ्क्रमित व्यक्तिहरूलाई थप व्यवस्थापनर अलगै राख्नको लागि अस्पतालमा पठाउनुपर्छ। हाल, यस रोगको कुनै उपचारात्मक उपचार छैन ।

बिरामीहरूको दिसामा भाइरस हुन सक्ने भएकोले, हेरचाहकर्ताहरूले बिरामीहरूको हेरचाह गर्दा सरसफाइ अभ्यासमा थप साबधानी अपनाउनु पर्छ ।

रोकथाम

खोप लगाउनु रोगको रोकथामको लागि सबैभन्दा प्रभावकारी उपाय हो । पोलियो खोपका दुई प्रकार छन्: मुखबाट लिनु पर्ने ओरल पोलियो खोप ((Oral Polio Vaccine(OPV) र सुई मार्फत दिइने निष्क्रिय पोलियो खोप ((Inactivated Polio Vaccine)IPV) । OPV प्यारालाइटिक पोलियोमाइलिटिस भनिने एक दुलर्भ जटिलतासँग सम्बन्धित भएको हुनाले , IPV हङकङको बाल्य प्रतिरक्षण कार्यक्रम (Hong Kong Childhood Immunisation Programme) मा 2007 देखि प्रयोग भइरहेको छ । हङकङमा अब OPV को प्रयोग गरिदैन ।

5 मे 2014 मा, विश्व स्वास्थ्य सङ्गठन (WHO) का महा–निर्देशकले पोलियो भाइरसको अन्तर्राष्ट्रिय प्रसारलाई अन्तर्राष्ट्रिय स्वास्थ्य नियमावली (2005) अन्तर्गत अन्तर्राष्ट्रिय चिन्ताको विषयको सार्वजनिक स्वास्थ्य आपतकाल घोषित गर्नुभएको थियो र पोलियोभाइरसको अन्तर्राष्ट्रिय प्रसार कम गर्नको लागि अस्थायी सिफारिसहरू जारी गर्नुभएको थियो । WHO को पछिल्लो अस्थायी सिफारिसहरू र पोलियोभाइरसको प्रभावित देशहरू/राज्यहरू को अद्यावधिक गरिएको सूचिको जानकारी निम्न वेबसाइटमा उपलब्ध छः http://polioeradication.org/polio-today/polio-now/public-health- emergency-status.

WHO ले यो सिफारिस गर्दछ कि पोलियोभाइरसले प्रभावित क्षेत्रहरूमा यात्रा गर्नु अघि पोलियोमुक्त देशका यात्रुहरूले उनीहरूको सम्बन्धित राष्ट्रिय खोप तालिकाअनुसार, उमेर–अनुरूपको पोलियो खोपको श्रृङ्खला पूरा लगाएको छ भनी

सुनिश्चित गर्नु पर्दछ । पहिले OPV वा IPV का तीन वा बढी डोज लगाएका पोलियोमुक्त क्षेत्रहरूका वयस्क यात्रुहरूले पोलियो खोपको अर्को एक-पटक लगाउने बुस्टर डोज लगाउनु पर्छ । कुनै पनि पोलियो खोप नलगाएका यात्रीहरू पोलियो–प्रभावित क्षेत्रहरूमा जाँदा उनीहरूले प्रस्थान गर्नु अघि पोलियो खोपको प्राथमिक तालिका पूरा गर्नुपर्नेछ ।

यात्रीहरूलाई निम्न कुराहरूको पनि सल्लाह दिइन्छः

- राम्रो व्यक्तिगत र भोजन स्वच्छता कायम राख्नुहोस्
- खाना खानु अघि वा खाना चलाउनु अघि, र ट्वाइलेट गएपछिसधैँ हात धुनुहोस्
- कुनै पनि सम्भावित दुषित खाना वा पेय पदार्थको जोखिमबाट बच्नुहोस्

WHO का सिफारिसहरू अनुसार, जंगली पोलियोभाइरस वा संचारित VDPV (cVDPV) बाट सङ्क्रमित अन्तर्राष्ट्रिय रूपमा रोग फैलने सम्भावित जोखिममा भएका देशहरूले सबै बासिन्दाहरू र सबै उमेरका दीर्घकालीन आगन्तुकहरू (अर्थात् > चार हप्ता) लाई अन्तर्राष्ट्रिय यात्रा गर्नुभन्दा चार 4 हप्ता देखि 12 महीना अघि पोलियो खोपको डोज लगाउने सुनिश्चित/प्रोत्साहित गर्नु पर्छ। तत्काल यात्रा (अर्थात् चार हप्ता भित्र) गर्नेहरूले कम्तीमा प्रस्थानको समय अघि पोलियो खोपको डोज लगाउनु पर्छ। जंगली पोलियोभाइरस प्रकार 1, cVDPV प्रकार 1 वा प्रकार 3 बाट सङ्क्रमित अन्तर्राष्ट्रिय प्रसारको सम्भावित जोखिम भएका देशहरूले त्यस्ता यात्रुहरूलाई उनीहरूको पोलियो खोप रेकर्ड गर्न र खोपको प्रमाणको रूपमा देखाउनका लागि खोप वा प्रोफिलेक्सिसको अन्तर्राष्ट्रिय प्रमाणपत्र प्रदान गर्ने सुनिश्चित गर्नु पर्छ।

थप स्वास्थ्य जानकारीको लागि, कृपया स्वास्थ्य सुरक्षा केन्द्रको वेबसाइटमा जानुहोस् www.chp.gov.hk

अनुवादित संस्करण सन्दर्भको लागि मात्र हो। अनुवादित संस्करण र अङ्ग्रेजी संस्करण बीचको भिन्नता भएमा, अंग्रेजी संस्करण प्रबल हुनेछ।

Translated version is for reference only. In case of discrepancies between translated version and English version, English version shall prevail.

18 नोभेम्बर 2024 मा संसोधन गरिएको (18 November 2024)